का.जि.प्र.का.द.नं. १००/०५९/६०

२१ चैत २०७८,
सोमबार
4 April 2022,
Monday
मूल्य रु. ५/-

# मध्यान्ह
राष्ट्रिय दैनिक

ईपेपर हेर्नु

वर्ष २०, अंक ५८ । पृष्ठ १२ | M... l Daily | www.madhyanhadaily.com

# ओलीले देखाएको विश्वास



आगामी स्थानीय निर्वाचनमा सत्तारुढ गठबन्धनका दलहरु एकातिर उभिने निर्णयसहित अगाडि बढेपनि प्रमुख विपक्षी नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली एक्लै बलियो रहेको सन्देश दिन खोजिरहेका छन् ।

**शिवराज परियार/मध्यान्ह**
काठमाडौं, २० चैत

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले भ्यूटावर विकास र सभ्यताको प्रतीक भएको बताएका छन् । राजधानी उपत्यकामा आयोजित एक कार्यक्रममा अध्यक्ष ओलीले भ्यूटार निर्माणको बचाऊ गरेका हुन् । देशभर भ्यूटावर बनिरहेको, तर रोजगारको अवस्था दयनीय रहेको आरोप लागिरहेका बेला अध्यक्ष ओलीले बचाऊ गरेका हुन् ।

धरहरा निर्माणको पुनर्निमाणसँग गाउँगाउँमा बनिरहेको भ्यूटावरको कनेक्सन रहेको राम्रोसँग बुझेका अध्यक्ष ओलीले बचाऊमा बोलेको प्रष्ट हुन्छ । अध्यक्ष ओलीले भ्यूटावर निर्माणको विरोधलाई विकास विरोधीको संज्ञा दिने प्रयास गरे । मलेसियाका प्रधानमन्त्री महाथिरले ट्वीन टावर बनाउँदा पागलको भनेको, तर त्यही टावर अहिले मलेसियाको पहिचान बनेको ओलीको तर्क थियो ।

अमेरिकाको ट्वीन टावरको समेत प्रशंग निकालेका थिए । अमेरिकामा ट्वीन टावर बन्दा कतिपयले अनावश्यक आरोप गरेपनि अहिले सभ्यता, विकास र आर्थिक क्रियाकलापको केन्द्र बनेको बताए । नेपाली कांग्रेसका नेता डा.शेखर कोइरालाले भ्यूटावर निर्माणको आवश्यकता नरहेको बताएकै दिन ओलीले त्यसको पक्षमा बोलेका छन् । डा.शेखरले कांग्रेस कार्यकर्ताले भ्यूटावर बनाउँदैनौं भनेर घोषणापत्रमा लेख्नुपर्ने समेत बताएका थिए ।

शेखरको यस्तो अभिव्यक्तिको खण्डन गर्दै ओलीले भनेका थिए, 'उहाँको (शेखर) पार्टीले त विकास निर्माण नगर्ने प्रतिज्ञा नै गरेको छ नि ।' स्थानीय चुनाव नजिकिदै गर्दा अध्यक्ष ओलीले भ्यूटारबारे बोल्नु आफैमा अर्थपूर्ण छ । किनभने बितेको पाँच वर्षमा स्थानीय जनप्रतिनिधिले गरेको मध्ये एउटा महत्वपूर्ण काम भ्यूटावर निर्माण देखिएको छ । त्यसको विपक्षमा सत्ता गठबन्धनका कतिपय नेताहरुले बोल्न थालेपछि अध्यक्ष ओली बोलेका हुन् । ओलीले भ्यूटावर पक्षधरको मत तान्ने यस्तो गरेका हुन् भन्ने बुझ्न गाह्रो पर्दैन ।

किनभने ३० वैशाखमा हुने स्थानीय चुनावमा अध्यक्ष ओली र उनको दल एमालेले फरक किसिमको इतिहास बनाउन चाहेका छन् । … एमालेले फरक कित्ता निर्माण गरेको छ । कांग्रेस नेतृत्वको गठबन्धनले गएको १७ चैतमा मात्रै स्थानीय तहमा साझा उम्मेद्वार उठाउने निर्णय गरेको छ । यस्तो निर्णयले २०७४ को चुनावमा सवैभन्दा ठूलो दल बनेको एमालेलाई असर पार्नेछ । एमालेले त्यसबेला ७५३ मध्ये २९४ स्थानीय तह जितेको थियो । तर यसपटक गठबन्धन हुंदा त्यो परिणाम जोगिन गाह्रो छ । तर अध्यक्ष ओलीले भने कार्यकर्ता र मतदातालाई एमाले कमजोर नरहेको सन्देश दिनेगरी अभिव्यक्ति दिइरहेका छन् ।

> धरहरा निर्माणको पुनर्निमाणसँग गाउँगाउँमा बनिरहेको भ्यूटावरको कनेक्सन रहेको राम्रोसँग बुझेका अध्यक्ष ओलीले बचाऊमा बोलेको प्रष्ट हुन्छ ।

देश दौडाहामा रहेका ओलीले संगठनमा पनि एमाले बलियो रहेको विश्वास दिलाइरहेका छन् । गएको चैत ९ र १० गते बसेको एमाले केन्द्रीय कमिटी बैठकमा पनि अध्यक्ष ओलीले एमाले फेरि पनि पहिलो दल बन्ने प्रतिवेदन पेश गरेका थिए । अध्यक्ष ओलीले एमालेको संगठित सदस्यता मात्रै साढे आठ लाख पुगेको, गाउँगाउँमा प्रवेशको लहर देखिएको लगायत प्रतिवेदन पेश गरेका थिए ।

आफ्नो विश्वास दिलाउन ओलीले एकपटक बोलेको र लिएको अडान नबदल्ने नीति लिएको देखिन्छ । जस्तो गएको वर्ष प्रतिनिधिसभा विघटनको असंवैधानिक निर्णयमा अध्यक्ष ओली अहिले पनि उत्तिकै अडिग छन् । ५ पुस २०७७ को प्रतिनिधिसभा विघटनको औचित्य स्थापित भएको अध्यक्ष ओलीले लगातार बताउँदै आएका छन् । त्यसका लागि संघीय संसद गएको भदौ २३ गते देखि चल्न दिइएको छैन ।

परराष्ट्रमन्त्रीको प्रष्टीकरण

## 'सभापतिको नाताले भाजपा कार्यालयमा'

परराष्ट्रमन्त्री खड्काले भारतीय जनता पार्टी (भाजपा)को मुख्य कार्यालयमा प्रधानमन्त्री देउवा प्रधानमन्त्री हैसियतमा नभई कांग्रेस सभापतिको हैसियतले गएको स्पष्ट पारेका छन् ।



**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २० चैत

प्रधानमन्त्री शेरबहादुर देउवा भारतको तीन दिने औपचारिक भ्रमण पूरा गरी स्वदेश फर्किएका छन् । प्रधानमन्त्री देउवा नेपाल एयरलाइन्सको विमानबाट आइतबार साँझ स्वदेश फर्किएका हुन् । प्रधानमन्त्री देउवालाई कार्यबहाक प्रधानमन्त्री बालकृष्ण खाँण, सभामुख अग्नीप्रसाद सापकोटासहित उच्च पदस्थ कर्मचारीहरुले विमानस्थलमा स्वागत गरेका थिए । त्यस अवसर नेपाली सेनाले सलामी अर्पण गरेको थियो ।

गत शुक्रबार नेपाली प्रतिनिधिमण्डलको नेतृत्व गर्दै प्रधानमन्त्री देउवा भारत भ्रमणमा गएका थिए । भ्रमणको सबै पक्ष सफल भएको परराष्ट्रमन्त्री नारायण खड्काले बताएका छन् । परराष्ट्रमन्त्री खड्काले भारतीय जनता पार्टी (भाजपा)को मुख्य कार्यालयमा प्रधानमन्त्री देउवा कांग्रेस सभापतिको हैसियतले गएको पनि स्पष्ट पारेका छन् । परराष्ट्रमन्त्री खड्काले भने, 'भाजपाको कार्यालयमा प्रधानमन्त्रीको नाताले जानुभएको होइन, नेपाली कांग्रेसको सभापति भएको नाताले जानुभएको हो ।'

अन्य देशका पार्टीहरूसँग पनि कांग्रेसले मैत्रीपूर्ण सम्बन्ध राख्ने उल्लेख गर्दै मन्त्री डा. खड्काले चीनको कम्युनिस्ट पार्टीसँग पनि कांग्रेसको राम्रो सम्बन्ध रहेको बताए ।

त्यस्तै पत्रकार सम्मेलनमा पत्रकारहरुले भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीसँगको भेटवार्ताका क्रममा देउवा पछाडिको कुर्सी खाली देखिएकोबारे पनि जिज्ञासा राखेका थिए । जवाफमा परराष्ट्रमन्त्री खड्काले मोदीले भाषा अनुवादका लागि मात्रै पछाडि कर्मचारी राखेको बताए । उनले भने, 'मोदीले अंग्रेजीबाट हिन्दीमा उल्था गरिदिनका लागि सहयोगी राख्नुभएको हो । भेटवार्तामा भएका कुराहरू हामी सबैले आआफ्नो तरिकाले नोट गरिरहेका थियौं ।'

उनले यो भ्रमणले नेपाल-भारतको सम्बन्धलाई अझ प्रगाढ र नयाँ उचाइमा पुर्‍याउनेमा प्रधानमन्त्री देउवा समेत विश्वस्त रहेको बताए । 'भारतले पनि यसलाई अत्यन्त महत्त्व दिएको हुनाले नेपाल-भारत बीचको सम्बन्ध प्रधानमन्त्रीज्यूको भ्रमणबाट अझ बढी प्रगाढ र अझ बढी गहिरो र अझ बढी उचाइमा पुग्ने कुरामा उहाँहरुले पनि विश्वास गर्नुभएको छ', मन्त्री खड्काले भने ।

भ्रमणका क्रममा प्रधानमन्त्री देउवाले भारतीय समकक्षी नरेन्द्र मोदी, विदेशमन्त्री एस जयशंकरलगायतसँग द्विपक्षीय हितका विविध विषयमा छलफल गरेका थिए। – बाँकी पृष्ठ २ मा

## चुच्चे नक्सा फेरि गायब

**कान्ति न्यौपाने/मध्यान्ह**
काठमाडौं, २० चैत

भारतको नयाँ दिल्लीस्थित नेपाली राजदूतावासमा नेपालको पुरानै नक्सा प्रयोग गरेको पाइएपछि आलोचना चर्किएको छ । दूतावासको मूल भवनमा रहेको रिसेप्सनमा राखिएको नक्सामा लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्र समेटिएको नक्सा नभएपछि आलोचना चुलिएको हो । दूतावासमा कार्यरत कर्मचारीले विभिन्न कार्यव्यस्तताका कारण नक्सा फेर्न नसकेको बताइरहेको भन्दै नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले आलोचना गरेका छन् ।

> भारतस्थित नेपाली दूतावासको मूल भवनमा रहेको रिसेप्सनमा राखिएको नक्सामा लिपुलेक, लिम्पियाधुरा र कालापानी क्षेत्र समेटिएको नक्सा नभएपछि आलोचना चुलिएको छ ।

'सम्मानीय प्रधानमन्त्रीले प्रकाशित गरेको एक सय दिनको विवरणमा चुच्चे नक्सा हटाइयो । भौगोलिक अखण्डाप्रतिको यो खेलबाड के साधारण कुरा हो ?' ओलीले प्रश्न गर्दै भने, 'हिजो मात्रै दिल्लीस्थित नेपालको दूतवासमा टाँगिएको फोटोमा त्यहाँ नेपालको बुच्चे नक्सा राखिएको छ, चुच्चे नक्सा हटाइएको छ । योभन्दा राष्ट्रिय दलाली र योभन्दा राष्ट्रको गौरव र शीर निहुर्‍याउने लज्जाजनक कुरा के हुन्छ ?'

उनले 'नेपाल फर्किनुभन्दा अघि दिल्ली दूतावासमा हाम्रो सरकारले संविधान संशोधन गरेर बनाएको नक्सा राखेर वा हटाएर फर्किनु हुन्छ ?' भन्दै प्रधानमन्त्री देउवालाई प्रश्न समेत गरेका छन् ।

नेपालले २०७६ जेठ ७ गते लिम्पियाधुरा, कालापानी र लिपुलेक समेटिएको नयाँ नक्सा सार्वजनकि गरेको थियो । त्यसपछि संविधान संशोधन गर्दै नक्सा मानचित्रमा – बाँकी पृष्ठ २ मा

साउदीस्थित नेपाली दूतावासद्वारा रमदानको बहानामा एक महिनासम्म मागपत्र प्रमाणीकरण स्थगित

## दूतावासका अधिकारीहरुको गैर जिम्मेवार हर्कत

**मध्यान्ह संवाददाता**
काठमाडौं, २० चैत

साउदी अरेबियास्थित नेपाली दूतावासका अधिकारीहरुको गैर जिम्मेवारीपूर्ण हर्कतले उक्त मुलुकमा रोजगारीका लागि जाने तयारीमा रहेका नेपाली कामदार र त्यहाँबाट नेपाली कामदारको माग ल्याउने वैदेशिक रोजगार व्यवसायीहरु गम्भीररूपमा प्रभावित भएका छन् । दूतावासले मुस्लिम समुदायको महान पर्व रमदानलाई कारण देखाउँदै मागपत्र प्रमाणीकरण गर्ने कार्य एक महिनाभन्दा बढी समय स्थगित गरेर आफ्नो नालायकी र गैर जिम्मेदारी हर्कत प्रदर्शन गरेको छ ।

वैदेशिक रोजगार विभागको तथ्यांक अनुसार गत माघ महिनामा १४ हजार २ सय ३७ जना र फागुन महिनामा ९ हजार १ सय ६० जना साउदी अरेबिया गएका थिए । तर चैत लागेदेखि साउदी अरबस्थित नेपाली दूतावासमा मागपत्र प्रमाणीकरण प्रायः बन्द अवस्थामा रहेको व्यवसायीहरू बताउँछन् । साउदी अरबको रियादस्थित नेपाली दूतावास र जेद्धास्थित कन्सुलर कार्यालयले नेपाली कामदारका लागि रोजगारदाताले पेश गरेका मागपत्र प्रमनणीकरण गर्ने गरेका छन् ।

तर रियादस्थित नेपाली दूतावासले रमादानको पवित्र महिना र ईद पर्वको अवसर भन्दै अप्रिल ३ तारिख आइतबारदेखि मे ५ तारिख बुधबारसम्म मागपत्र प्रमाणीकरणको काम 'सस्पेण्ड' गरेको बताएको छ । दूतावासले एक महिनापछि मे ६ तारिखदेखि मात्रै दूतावासको अनलाइन डिमाण्ड एटेस्टेशन अनलाइन प्रक्रियाबाट डिमाण्ड प्रमाणीकरणको आवेदन लिन शुरू गरिने बताएको छ । मार्च ३१ तारिखसम्म प्रमाणीकरणका लागि पेश भएका डिमाण्ड भने पहिले जसरी नै प्रमाणीकरण हुने दूतावासको भनाइ छ ।

दूतावासले नेपाली कामदार ल्याउने साउदी रोजगारदाताहरूलाई ती कामदारको सम्पर्क नम्बर एकीकृतरूपमा पेश गर्न र नेपालमा रहेका म्यानपावर कम्पनीहरूलाई डिमाण्डका लागि बिचौलियाहरू प्रयोग नगर्नसमेत सचेत गराएको छ । यस्तै जेद्धास्थित कन्सुलर कार्यालयले पनि मागपत्र प्रमाणीकरण रोकेको बताएको छ ।

नेपाली दूतावासले मागपत्र प्रमाणीकरण रोक्नुलाई कतिपयले नेपालको राष्ट्रिय आवश्यकता विपरीतको काम भनी टिप्पणी गरेका छन् । वैदेशिक रोजगारबाट आउने रेमिट्यान्स घटेको र त्यसले सोधानन्तर अवस्था कमजोर बनेको अवस्थामा सकेसम्म धेरै कामदार वैदेशिक रोजगारमा पठाउनुपर्ने बिज्ञहरूको सुझाव रहेको अवस्थामा नेपाली दूतावासबाट बहानाबाजी गरेर मागपत्र नै प्रमणाणीकरण नगर्नु दुःखद् घटना भएको नाम बताउन नचाहने अर्को व्यवसायीको टिप्पणी छ ।

रेमिट्यान्स आप्रवाहमा कमी आएको कारणले हाल श्रीलंकामा राष्ट्रिय संकटको अवस्था सिर्जना भएको छ । कतिपय अर्थविद्हरूले रेमिट्यान्स घट्दै गए नेपाल पनि श्रीलंकाको बाटोमा जानसक्ने चेतावनी दिएका छन् ।

साउदीस्थित नेपाली दूकाबासले रमदानको बहाना बनाएर कामै रोक्नु काम कोर प्रवृत्ति मानिएको छ । एक मुस्लिम व्यवसायीले मध्यान्हसँग भने, 'रमदानको महिना भनेको कामै नगर्ने महिना होइन । यो त पवित्र महिना हो र हामी अरु ११ महिना भन्दा रमदानको महिना तीन गुणा बढी काम गर्छौं ।' उनले रमदानको महिना प्रगति र उन्नतिको महिना भएको बताए ।

रमदानको महिनामा काम रोक्ने निर्णय नेपाल सरकार परराष्ट्र मन्त्रालयको लिखित निर्णय र निर्देशन हो कि साउदीस्थित नेपाली दूतानासका ६/७ जना कामचोर कर्मचारीको लहडको निर्णय हो ? भन्ने प्रश्न पनि गम्भीर रुपमा उठेको छ । नेपाली दूतावास श्रम – बाँकी पृष्ठ २ मा

वैदेशिक रोजगार विशेष

### अन्य दूतावासले भने रोकेनन् काम

काठमाडौं/मस- साउदी अरेबियास्थित नेपाली दूतावासले मुस्लिम समुदायको महान पर्व रमदानलाई कारण देखाउँदै मागपत्र प्रमाणीकरण बन्द गरेपनि खाडी मुलुकमा रहेका अन्य नेपाली दूतावासहरूले सेवा रोकेका छैनन् ।

दूतावासहरूले राष्ट्रिय पर्व वा अन्य कारणले नेपालमा वा सम्बन्धित मुलुकमा बिदा परेमा आफ्नो वेबसाइटमा केही दिनअघि नै सेवा रोकिने जानकारी दिने गरेकोमा यस पटक मुस्लिम समुदायको महान पर्व रमदानको शुभकामना व्यक्त गर्दै प्रेस विज्ञप्ति जारी गरेका छन् । तर विज्ञप्तिमा रमदानको कारणले मागपत्र प्रमाणीकरण तथा नियमितरूपमा दिँदै आएका सेवा रोकिएको बारे केही उल्लेख गरेका छैनन् ।

## पररराष्ट्रमन्त्रीको....

त्यसै क्रममा प्रधानमन्त्री देउवा र भारतीय समकक्ष मोदीले जनकुपुर-जयनगर रेल सेवाको भर्चुअल्ली उद्घाटन गरिएको थियो । भ्रमणका क्रममा नेपाल र भारतबीच अन्तर्राष्ट्रिय सोलार एलाइन्स, रेल्वेसबन्धी प्राविधिक सहयोग, पेटोलियम पदार्थ आपूर्ति, नेपाल आयल निगम र भारतीय आयल कर्पोरेशनबीच प्रविधिक विज्ञता आदान-प्रदानबारे चार वटा सम्झौता भएको थियो ।

## साउदीस्थित ...

कूटनीतिसँग पनि सम्बन्धित छ र त्यहाँ श्रम मन्त्रालयका शाखा अधिकृत र उपसचिव सरहका कर्मचारी पनि हुन्छन् । श्रम सहचारी र काउन्सेलर श्रम पदधारी ती कर्मचारी महँगो तलव भत्ता मात्र खान गएका हुन् कि श्रम मन्त्री या श्रम सचिवलाई पनि यसबारे रिपोर्टिङ गरे ? छानविन र अनुसन्धानको विषय भएको छ । यसबारे श्रम मन्त्रालय तत्काल मागपत्र प्रमाणीकरण खोल्न कडा आदेश दिनुपर्ने देखिएको छ ।

साउदीस्थित नेपाली दूतावासले मागपत्र प्रमाणीकरण रोकेकोमा नेपाली व्यवसायीमाथि परेको मर्कालाई लिएर आवाज नउठाएकोमा कतिपय व्यवसायीहरुले नेपाल वैदेशिक रोजगार व्यवसायी संघको पनि आलोचना गरेका छन् । यसबारे संघले गम्भीररुपमा परराष्ट्रदेखि श्रम मन्त्रालयसम्म आवाज उठाउनु पर्ने व्यवसायीहरुको धारणा पाइएको छ ।

## चुच्चे ...

समावेश गरिएको थियो । त्यसपछि सरकारले मातहतका सबै निकायमा नयाँ नक्सा राख्न निर्देशन दिएको थियो । तर, निर्देशनको करिब तीन वर्षसम्म पनि दूतावास कार्यालयले नक्सा नफेरेपछि आलोचना भएको हो ।

**पटक पटक गायब चुच्चे नक्सा**

भारतस्थित नेपाली राजदूतावासमा मात्रै होइन, गत वर्ष राष्ट्रपति विद्यादेवी भण्डारीले बाँडेको पदकबाट नै चुच्चे नक्सा गायब भएको थियो । यद्यपि गृहमन्त्रालयले अघिल्लो वर्ष नै दिनुपर्ने पदक कोरोनाका कारण रोकिएकाले अहिले बाँडिदा चुच्चे नक्सा नदेखिएको बताएको थियो ।

गत माघमा मधेस प्रदेशको राजपत्रमै नेपालको आधिकारिक नक्सा गायब भएको थियो । प्रदेश नम्बर २ ले नाम परिवर्तन गरेर ‘मधेस’ राख्ने निर्णय गरेपछि सार्वजनिक भएको मधेस प्रदेशको राजपत्रबाट चुच्चे नक्सा गायब भएको हो । यद्यपि, प्रदेश सरकारले गल्ती भएको स्वीकार गरेको थियो । प्रधानमन्त्री शेरबहादुर देउवाले सय दिनको कार्यक्रम सावर्जनिक गर्ने क्रममा पनि चुच्चे नक्सा गायब भएको भन्दै तीव्र आलोचना भएको थियो ।

त्यत्तिमात्रै होइन, नयाँ पाठ्यपुस्तक प्रकाशित गर्ने क्रममा यही वर्षपनि चुच्चे नक्सा गायब भएको थियो । पुरानै नक्सा भएका किताब गत वर्ष अगाडि नै प्रकाशन भएर देशभरीका बजारमा पुगेको बताइएपनि नक्सा राख्नमा हेलचेक्र्याइ भएको भन्दै आलोचना चुलिएको थियो । यद्यपि, कतिपय सरकारी संघसंस्थाले भने आलोचना चुलिएपछि चुच्चे नक्सालाई पछि समावेश गरेका छन् ।


## स्वैच्छिक खारेजीको सूचना

**प्रकाशित मितिः २०७८/१२/२१**

मिति २०७८/१२/१८ को निर्णय अनुसार यस संस्थाको कुनै कारोबार नभएकोले खारेजीमा लैजाने निर्णय गरिएकोले यस संस्थासँग सम्बन्धित कुनै आर्थिक कारोबार भए ७ दिन भित्र सम्पर्क गर्नहुन यसै सूचनाद्वारा जानकारी गराइन्छ ।

**इन्टरनेशनल पिस फाउन्डेसन**
कामनपा-४, काठमाडौं

## Polairs Tractor को अधिकतम बिक्री मुल्य MRP सम्बन्धि सूचना

यस प्रा.लि. ले **Polaris Sales Europe Sarl** बाट पैठारी गरेका **Tractors**हरुको अधिकतम खुद्रा बिक्री मुल्य निम्न बमोजिम भएको व्यहोरा सर्बसाधारणको जानकारीको लागि प्रकासन गरिएको छ ।

| सि.न. | मालवस्तुको विवरण | ब्रान्ड | मोडल | क्षमता | उत्पादित मुलुक | इकाई | बिक्री मुल्य अधिकतम खुद्रा MRP |
|---|---|---|---|---|---|---|---|
| १ | Tractor | Polaris | Ranger 570 Mid Size EPS | 567 CC | Poland | प्रति पिस | 24,75,000.00 |
| २ | Tractor | Polaris | Sportsman Touring 570 EPS | 567 CC | Poland | प्रति पिस | 18,50,000.00 |

**बिक्रताको नाम** : इको इफिनिटी प्रा.लि.,
**ठेगाना** : दरबारमार्ग, काठमाडौं

**स्थायी लेखा नं. ६०४२८६३१०**
**फोन नं. ०१४४४५८५४**

## साउदीमा रोजगार | कम्पनीः Al Jalamid National Company for Trade and Industry

शहरः RIYADH

**पुर्व स्वीकृत मितिः २०७८/१२/२०** **चलानी नं.: ६०१७७१९१** **LT. No.: 260729**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrician Repair | 1 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | २८,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Labor | 1 | 0 | | 1200 | २८,७०० | | | | | | | |
| 3. | Liquid Fuel Seller Filling Station | 1 | 0 | | 1200 | २८,७०० | | | | | | | |

२. कम्पनीः **Friends Biscuits Shop for Sweets** शहरः RIYADH

**पुर्व स्वीकृत मितिः २०७८/१२/२०** **चलानी नं.: ६०१७७१९२** **LT. No.: 260351**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 1 | 0 | स. काममा दक्ष | 1300 | ४१,९२५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

३. कम्पनीः **Qimam Al Andalus Contracting Est** शहरः RIYADH

**पुर्व स्वीकृत मितिः २०७८/१२/२०** **चलानी नं.: ६०१७७१९३** **LT. No.: 260350**

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labor | 2 | 0 | स. काममा दक्ष | 1200 | २८,७०० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ चैत २८ गते (11 April 2022) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले ब्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु.१0,000/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिषा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नः हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

श्रम इजाजत नं. १२२०/०७४/७५

**United World Manpower Pvt. Ltd.**
Sinamangal-9, Kathmandu, Tel: 01-4116602, Fax: 4116602
Email: info@uwmanpower.com, uwmanpower@gmail.com, Web.: www.uwmanpower.com


# शिव सताक्षी नगरपालिका

## नगरपालिकाको कार्यालय

**व्याङ्गडाडा, झापा**

### वोलपत्र स्वीकृत गर्ने आशयको सूचना

**मितिः २०७८/१२/२१ गते**

यस कार्यालयबाट **ठेक्का नं.** SM/NCB/08/2078-79 Construction of **Building of Bhanu Ma. Bi. Shivasatakshi-3** बोलपत्र सम्वन्धमा सूचना प्रकाशित भएकोमा E-bidding मार्फत पेश भएका वोलपत्रहरु मध्ये यस कार्यालयको निर्णयानुसार देहाय वमोजिमको वोलपत्रदाताको वोलपत्र “सारभूतरुपमा प्रभावग्राही” ठहर भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिकखरिद ऐन, २०६३ ( पहिलो संशोधन २०७३) को दफा २७ को उप दफा (२)र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सबै वोलपत्रदाताहरुको जानकारीकालागि यो सूचना प्रकाशित गरिएको छ ।

| ठेक्कानं. | विवरण | वोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक रु भ्याट समेत |
|---|---|---|---|
| SM/NCB/08/2078/79 | Construction of Building of Bhanu Ma. Bi, Shivasatakshi -3 | Shrestha CM Construction | रु. 14,58,305.79 |

# Katahari Rural Municipality

## Office of the Rural Municipal Executive

**Katahari, Morang**
**Province No. 1, Nepal**

### Invitation for Online Bid

**Date of publication: 2022-04-04**

1. Katahari Rural Municipality invites **electronic bids** from Nepalese eligible bidders for the procurement of Goods mentioned below in the table under National Competitive Bidding procedures. The estimated amount for the works are mentioned below in the table.
2. Eligible Bidders may obtain further information at the office of Katahari Rural Municipality, Katahari, Morang or through email at kataharigaupalika@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. ***Bidders shall have to submit their bid electronically only. No Hard copy will be provided or accepted in the office.*** Bidder may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp. Bidders, submitting their bid electronically, should deposit the cost (as specified below in the table) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids.

**Information to deposit the cost of bidding document in Bank:**
Name of the Bank: **: Rastriya Banijya Bank Limited, Katahari Branch**
Name of Office **: Katahari Rural Municipality, Katahari, Morang**
Office Account no. **: 2190100301010002**

4. Pre-bid meeting shall be held at Office of Katahari Rural Municipality, Katahari, Morang at ***12.00*** pm on 2022/04/27.
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egp on or before 12.00 pm, 2022/05/04.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2.00 pm, 2022/05/04 at the office of **Katahari Rural Municipality, Katahari, Morang.** Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a amount specified in the table below which shall be valid for 30 days beyond the validity period of the bid.
7. If bidder wishes to submit the Bid Security in the form of cash, bidder has to deposit cash in deposit **Account no. 2190100303000002** of office **of Katahari Rural Municipality Morang** at **Rastriya Banijya Bank Limited , Katahari Branch** and submit bank deposit voucher along with the bid.
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
9. The employer reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| Contract Id | Description of Work | Estimated Amount (Rs.) (Excluding VAT) | Bid Security Amount (Rs.) | Cost of bidding document (Rs.) |
|---|---|---|---|---|
| KRM/ NCB/G/34/ 2078-79 | Supply And Delivery Of Agricultural Tools And Equipments At Katahari Rural Municipality, Katahari, Morang | 3468250.00 | 100000 | 3000.00 |

**Chief Administrative Officer**

## Invitation for Bids

# Barahakshetra Municipality

## Office of the Rural Municipal Executive

**Chakraghatti, Sunsari**
**Province No. 1, Nepal**

**Invitation for Sealed Bids for the Supply and Delivery of shallow tubewell Materials**

IFB No: BKM/NCB/61/078/079
Contract ID: BKM/NCB/61/078/079
**Date of publication: 2078/12/21 (4th April 2022)**

1. The Barahakshetr Municipality, Chakraghatti, Sunsari invites sealed bids from eligible bidders for the procurement of **the Supply and Delivery of shallow tubewell Materials** under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Barahakshetr Municipality, Chakraghatti, Sunsari Telephone no.: 025-551147 and email : barahmun@gmail.com or may visit PPMO website www.bolpatra.gov.np/egp
3. A complete set of Bidding Documents should be downloaded for e-submission from PPMO's e-GP portal www.bolpatra.gov.np/egp. Bidders should deposite the cost of bidding document in the account as specified below and scanned copy (pdf format) of the bank deposit voucher shall be uploaded by the bidder at the time of e-bid Submission. The office Barahakshetra Municipality, Chakraghatti, Sunsari by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs 3000/- till 2078.12.21 during office hours.

**Information to deposit the cost of didding document in bank:**
**Nane of the bank : Mega bank Ltd, Chakraghatti**
**Name of the office :** Barahakshetr Municipality
Office account no. : 3060010002948 (Antaric rajaswa)

4. Pre-bid meeting shall be held at Barahakshetra Municipality, Chakraghatti, Sunsari, on 13:00 Hrs. 2079.01.15
5. Interested Bidders shall submit the sealed Bids in Barahakshetr Municipality, Chakraghatti, Sunsari, before 12:00 Hrs on 2079.01.21
6. Bids shall be opened in presence of Bidders' representatives who choose to attend on 13:00 Hrs, 2079.01.21 at the office of Barahakshetra Municipality, Chakraghatti, Sunsari Bids must be valid for a period of 90 days counting from the day of bid opening and must be accompanied by bid security, amounting to a minimum of Rs. 1,40,000/-, which shall be valid for minimum 30 days beyond the bid validity period.
7. If the last date of submission and opening falls on a government holiday, then the next working day shall be considered the last day. In such a case the bid validity and bid security validity shall be recognized with effect from the original bid submission deadline.

**Chief Administrative Officer**

# चौध सांसदविरुद्धको मुद्दाको सुनुवाइ चैत २७ मा




**काठमाडौं/मस–** सर्वोच्च अदालतमा नेकपा (एमाले) का अध्यक्ष केपी शर्मा ओलीले माधवकुमार नेपालसहित १४ सांसदविरुद्ध दायर गरेको रिट निवेदनको सुनुवाइ यही चैत २७ गते हुने भएको छ।

न्यायाधीशहरू अनिल सिन्हा र नहकुल सुवेदीको संयुक्त इजलासमा पेसी तोकिएको भएपनि न्यायाधीश सुवेदीले उक्त मुद्दा हेर्न नमिल्ने भएपछि मुद्दाको सुनुवाइ सरेको हो।

यसअघि सांसद सोमप्रसाद पाण्डेको मुद्दामा आफूले अन्तरिम आदेश जारी गरेको र एकीकृत समाजवादीको पार्टीबारे धारणा दिएकाले थप सुनुवाइमा नबस्ने निर्णय न्यायाधीश सुवेदीले गरेपछि आइतबार सुनुवाइ हुन नसकेको हो।

# लिंकन युनिभर्सिटीका २५ सय विद्यार्थी दीक्षित




**मुना न्यौपाने/मध्यान्ह**
काठमाडौं, २० चैत

लिंकन युनिभर्सिटी कलेज मलेसिया अन्तर्गतका ११ कलेजहरूको दीक्षान्त समारोह सम्पन्न भएको छ। शिक्षामन्त्री देवेन्द्र पौडेलको प्रमुख आतिथ्यमा ललितपुरको गोदावरीमा शनिबार सम्पन्न समारोहमा २५ सयभन्दा बढी विद्यार्थीहरू दीक्षित भएका थिए। समारोहलाई सम्बोधन गर्दै शिक्षामन्त्री पौडेलले स्वदेशका कलेजहरूले नयाँ विषयहरूको पठनपाठन शुरूवात गरेमा उच्च शिक्षाका लागि नेपाली विद्यार्थीहरू विदेश धाउन नपर्ने बताए। स्वदेशी विद्यार्थीहरूले नेपालका कलेजहरूमा उच्च शिक्षा लिन सक्ने गरी आवश्यक वातावरण मिलाउन उनले कलेज सञ्चालकहरूलाई आग्रह गरे। स्वागत मन्तव्य व्यक्त गर्दै लिंकन युनिभर्सिटी कलेज एसोसिएट्स अफ नेपाल (लुक्यान)का अध्यक्ष रेश्ता झाले लिंकन युनिभर्सिटीमा आबद्ध कलेजहरूले उपलब्ध गराउँदै आएको अन्तर्राष्ट्रियस्तरको शिक्षाका विशेषता बारे प्रकाश पारिन्। लिंकन युनिभर्सिटी कलेजका प्रेसिडेन्ट प्राध्यापक डाक्टर अमिया भौमिकको सभापतित्वमा भएको समारोहमा कलेजका प्रो. चान्सलर दातुक डाक्टर हज्जा बीबी फेलिरना अब्दुल्लाहले दीक्षित विद्यार्थीहरूको उज्वल भविष्यको कामना गरेकी थिइन्। धन्यवाद ज्ञापन गर्दै लुकानका महासचिव लक्ष्मण पोखेरेलले लिंकन युनिभर्सिटी मातहतका कलेजहरूले समय सापेक्ष गुणस्तरीय शिक्षालाई उच्च प्राथमिकता दिने बताए। समारोहमा दीक्षित विद्यार्थीहरूले आ-आफ्नो अनुभव सुनाउँदै स्वदेशमै अन्तर्राष्ट्रियस्तरको गुणस्तरीय शिक्षा लिन पाउँदा खुशी लागेको बताए।

लिंकन युनिभर्सिटी कलेज अन्तर्गत एकेडेमी अफ कलिनरी आर्ट हस्पिटालिटी एण्ड म्यानेजमेन्ट, फिनिक्स कलेज अफ म्यानेजमेन्ट, टेक्सस् कलेज अफ म्यानेजमेन्ट एण्ड आईटी, आईआईएमएस लिंकन इन्टरनेशनल कलेज, के. एफ. ए विजनेस स्कुल एण्ड आइटी, वेष्टन मेगा कलेज, नेपाल विजनेस कलेज, एन् सी एम टी कलेज, पोखरा लिंकन इन्टरनेशनल कलेज, ग्रिन पिस लिंकन कलेज, बाल्मिकी लिंकन कलेज सञ्चालित छन्।

# स्वीकृति लिने भित्तेपात्रोको संख्या बढ्यो

**काठमाडौं/मस–**नेपाल पञ्चाङ्ग निर्णायक विकास समितिमा पछिल्लो समय भित्तापात्रोका लागि स्वीकृति लिनेको संख्या बढ्दै गएको छ।

सरकारले पात्रो र भित्तेपात्रो प्रकाशन गर्नुअघि समितिको स्वीकृति लिनुपर्ने व्यवस्था गरेपछि स्वीकृति लिन आउनेको संख्या बढ्न थालेको हो।

मन्त्रिपरिषद्ले २०७७ पुस २० गते समिति गठन आदेश स्वीकृत गर्दै पात्रो र भित्तेपात्रो स्वीकृतिको जिम्मेवारी दिएको थियो।

सरकारको जिम्मेवारीअनुसार यो वर्षको अन्तिम महिना चैतको तेस्रो सातादेखि दैनिक ५० वटा भित्तेपात्रो स्वीकृतिका लागि आएको समितिका कार्यकारी निर्देशक सूर्यप्रसाद ढुङ्गेलले बताए। आगामी वर्ष २०७९ का लागि समितिले करिब ७०० भित्तेपात्रोलाई स्वीकृति दिएको पनि उनले बताए। देशभरका भित्तेपात्रो र पात्रोलाई समितिले स्वीकृति दिने भएकाले अनलाइनबाट पनि निवेदन दर्ता गराउन सकिने व्यवस्था गरिएको छ। अनलाइनबाट स्वीकृतिका लागि गर्नुपर्ने प्रक्रिया समितिको वेबसाइटमा उल्लेख गरिएको छ। तिथिमिति, चाडपर्व, विभिन्न मुहुर्तका लागि ज्योतिषीय भित्तेपात्रो प्रकाशन हुने गरेका छन्।

सहकारी, संस्थागत विद्यालय, बैंक एवं वित्तीय संस्थालगायतले व्यापारिक प्रचारप्रसारका लागि भित्तेपात्रो प्रकाशन गर्ने गरेका छन्। सहकारी विभागमा दर्ता भएका करिब ३४ हजार सहकारीमध्ये ६० प्रतिशतभन्दा बढीले भित्तेपात्रो प्रकाशन गर्छन्।

यसैगरी धेरैजसो संस्थागत विद्यालयले पनि भित्तेपात्रो प्रकाशन गर्दै आएका छन्। विभिन्न सरकारी कार्यालयले पनि भित्तेपात्रो प्रकाशन गर्छन्। यी सबै भित्तेपात्रोमा चाडपर्व, तिथि, बिदालगायत विषयमा एकरुपता ल्याएर नियमन गर्न समितिबाट स्वीकृति दिने व्यवस्था गरिएको हो। यस्तै सूचना तथा प्रसारण विभागको भित्तेपात्रोले समितिबाट स्वीकृति लिएको छ। विगत वर्षमा पनि विभागले चाडपर्व, तिथिमितिको जानकारी समितिसँग लिने गरेको थियो। यस वर्ष भने समितिबाट स्वीकृति लिनुपर्ने कानूनी व्यवस्थाका कारण विभागले पनि स्वीकृति लिएर भित्तेपात्रो प्रकाशन गरेको हो।

# एक लिटर पेट्रोलको मूल्य २ सय ५० देखि ३ सयसम्म !

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट २० चैत

रौतहटमा पेट्रोलियम पदार्थको अभाव हुन थालेको छ।

आइतबार जिल्लाको खुल्ला पेट्रोल बिक्रि वितरण गर्ने पसलेवालाहरुले प्रतिलिटर २ सय ५० देखि ३ सय रुपैयाँसम्म लिने गरेको सवारीचालकले गुनासो गरेका छन्।

यात्राको क्रममा रहेका श्याम सुन्दर भन्छन्, 'बंकुलबाट गौर जाने क्रममा मोटरसाइकलको तेल सकियो। नजिकैको एउटा पसलमा पेट्रोल लिन गए। तर पसलवालाले प्रतिलिटर ३ सयमा विक्री भैरहेको बताए। आफुलाई तेल चाहिएको थियो। ३ सय तिरेरै एक लिटर तेल किन्न बाध्य भए।'

कतै नपाउने डर तथा पेट्रोल पम्प बन्द भएका कारण तीन सय रुपैयाँ तिरेरै तेल किन्न बाध्य भएको उनले बताए।

पेट्रोल डिजल किनेर स्टकमा राखेकाहरूले अहिले एक लिटरको २ सय ५० देखि ३ सय रूपैयाँसम्म लिएको स्थानीयको गुनासो छ।

पेट्रोलको अभावमा सधैं मोटरसाइकल, स्कुटीमा देखिनेहरू यतिबेला हिँडेर आवतजावत गरेको देख्न सकिन्छ। इन्धन ढुवानी गर्ने व्यवसायीले विभिन्न माग राखेर डिपोबाट तेल नपठाउँदा पेट्रोलियम पदार्थको अभाव भएको स्थानीय पेट्रोलियम पम्प व्यवसायीहरू बताउँछन्। शनिबार साँझ आन्दोलनरत पक्षसहित सरोकारवालाबीच सहमति भएकाले अब पेट्रोलियम पदार्थ सहज हुने अपेक्षा राखिएको छ।


नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय

**वैदेशिक रोजगार विभागको सूचना**

**सूचना प्रकाशित मिति :२०७८।१२।२१**

नेपाल सरकारबाट वैदेशिक रोजगार व्यवसाय सञ्चालन गर्न ईजाजत प्राप्त संस्था श्री **जे.बि.आर. एसोसियट्स प्रा.लि. (इ.प.नं. ५१०)**, तपसिल बमोजिमका सञ्चालक/शेयरधनीले आफ्नो नाममा कायम रहेको शेयरहरु तपसिल बमोजिमका खरिदकर्तालाई बिक्री गरी दिई खरिदकर्ताको नाममा शेयर दा.खा. नामसारी गरि पाउन कम्पनी रजिष्ट्रारको कार्यालयका नाममा सहमतिको सिफारिश गरिदिन यस विभागमा निवेदन दिएको हुँदा माग बमोजिम शेयर हक हस्तान्तरण तथा नामसारीको सहमति दिँदा कोही कसैको हक स्वामित्व तथा लेना देनामा असर पर्ने भए वा कसैलाई मर्का पर्ने भएमा यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सवुद प्रमाण सहित **वैदेशिक रोजगार विभागमा** सम्पर्क गर्न आउनु हुन सम्बन्धित सबैको जानकारी को लागि यो सूचना प्रकाशित गरिएको छ। अन्यथा माग बमोजिम शेयर नामसारीको लागि सहमति भै जाने व्यहोरा समेत यसै सूचनाबाट जानकारी गराईन्छ।

**तपसिल**

| साविक शेयरधनीहरुको नाम/शेयर संख्या | अब कायम हुने शेयरधनीको नाम/शेयर संख्या |
|---|---|
| १. गाजाला प्रविन (कि.नं. १ देखि १५,०००)<br>२. जाकिर हुसेन (कि.नं. १५००१ देखि ३०,०००) | १. गाजाला प्रविन (कि.नं. १ देखि १५,०००)<br>२. म.साजन हुसैन (कि.नं. १५००१ देखि ३०,०००) |



## पथरी शनिश्चरे नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
पथरी, मोरङ
१ नं.प्रदेश, नेपाल

**(Invitation for Online Bids) दरभाउपत्र आव्हानको सूचना**

**प्रथम प्रकाशित मिति २०७८/१२/२१**

चालु आ.व. २०७८/०७९ मा यस नगरपालिकाको नगरसभाबाट पारित बार्षिक कार्यक्रम अनुसार सडक बत्ती जडान र यलम्बरको मुर्ति खरिद कार्य सूचनामा उल्लेखित अंक बमोजिम दरभाउपत्र ठेक्का प्रक्रियाद्धारा गर्नु पर्ने भएकोले इच्छुक फर्म/व्यवसायी/कम्पनीहरुबाट **http//www.bolpatra.gov.np/egp** मा उल्लेखित शर्तहरुको अधिनमा रही सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र दरभाउपत्र फारम अनलाईन वा हार्डकपी मार्फत देहायको मिति र समय भित्र यस कार्यालयमा पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

| वोलपत्र/ठेक्का नं | कामको विवरण | अनुमान लागत (भ्याट र कन्टिन्जेन्सी बाहेक) | दरभाउ पत्र फारम दस्तुर | जमानत रकम | बोलपत्र दाखिला गर्ने अन्तिम मिति |
|---|---|---|---|---|---|
| EGP/NCB/2078/079/21 | फुलबारी सडक बत्ती जडान | ५११४७२/८५ | १०००/- | १५०००/- | २०७९/०१/०६ गते दिनको १२ बजे सम्म |
| EGP/NCB/2078/079/22 | यलम्बरको मुर्ति खरिद | १२९३१०३/४५ | १०००/- | ३८०००/- | २०७९/०१/०६ गते दिनको १२ बजे सम्म |

१ दरभाउपत्र पेश गर्ने र खोल्ने दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट पेश गर्ने तथा खोल्ने मिति कायम हुने छ। थप जानकारीका लागि पथरी शनिश्चरे नगरपालिकामा सम्पर्क राख्न सकिने छ।
२. दरभाउपत्र गर्ने स्वीकृत गर्ने नगर्ने सम्पूर्ण अधिकार नगरपालिकामा निहित रहने छ।
माथि उल्लेखित ठेक्का विद्युतीय खरिद प्रणाली सञ्चालन निर्देशिका २०७४ अनुसार **http//www.bolpatra.gov.np/egp** बाट डाउनलोड गरी बीड गर्न सकिने छ।

**प्रमुख प्रशासकीय अधिकृत**



## धरान उपमहानगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
धरान-१२, सुनसरी

**आर्थिक प्रस्ताव खोल्ने सूचना**

**प्रकाशित मिति २०७८।१२।२१**

प्रस्तुत सम्बन्धमा यस कार्यालयको लागि तपशिल बमोजिमको ठेक्का E–bidding मार्फत ३० दिने सूचना प्रकाशन गरी निर्धारित समय सम्म प्राप्त भएका ३ वटा बोलपत्रहरु मध्ये प्रवाधिक प्रस्ताव पूरा गर्ने (Bright Bull Nirman Sewa Dharan–13, Sunsari, Shah Dipadil JV) को आर्थिक प्रस्ताव खोल्ने सम्बन्धमा यो सूचना प्रकाशित गरिएको छ।

| क्र.स. | ठेक्का नं. | विवरण | प्रकाशन मिति | खोलिन मिति र समय |
|---|---|---|---|---|
| १ | 12/DHARAN/WORKS/NCB/078/79 | Construction of shree Public Secondary, Furse Dharan-13 | 2078-12-21 | 2078-12-27 [12:00 am] |



## शिव सताक्षी नगरपालिका
## नगरपालिकाको कार्यालय
व्याङ्गडाडा, झापा

**वोलपत्र स्वीकृत गर्ने आशयको सूचना**

**मितिः २०७८/१२/२१ गते**

यस कार्यालयबाट **ठेक्का नं.** SM/NCB/09/2078-79 Construction of **Auction Shed in Shivagunj Market Phase II Shivasatakshi-6** बोलपत्र सम्वन्धमा सूचना प्रकाशित भएकोमा E-bidding मार्फत पेश भएका वोलपत्रहरु मध्ये यस कार्यालयको निर्णयानुसार देहाय वमोजिमको वोलपत्रदाताको वोलपत्र" सारभूतरुपमा प्रभावग्राही" ठहर भई स्वीकृतिका लागि छनौट भएकोले सार्वजनिकखरिद ऐन, २०६३ ( पहिलो संशोधन २०७३) को दफा २७ को उप दफा (२)र (३) तथा सोही ऐनको दफा ४७ को प्रयोजनार्थ सम्वन्धित सबै वोलपत्रदाताहरुको जानकारीकालागि यो सूचना प्रकाशित गरिएको छ।

| ठेक्कानं. | विवरण | वोलपत्रदाताको नाम र ठेगाना | कवोल अंक रु भ्याट समेत |
|---|---|---|---|
| SM/NCB/09/2078/79 | Construction of Auction Shed in Shivagunj Market, Shivasatakshi -6 | Krishna Nirman Sewa, Shivasatakshi Mun | रु 35,33,464.75 |



**Provincial Government**
**Ministry of Physical Infrastructure, Urban Development and Transport Management**
**Infrastructure Development Directorate**
## Infrastructure Development Office
**Syangja**
**Gandaki Province**

**NOTICE OF INTENT OF ACCEPTANCE**

**(Date of Publication 2078-12-21 (4th April ,2022)**

As per the provision of Public Procurement Act 2063, sub clauses 27.2 and 27.3, this is notify to all Bidders who submitted their bids for the contracts as per the Notice published in www.bolpatra.gov.np on February 18th 2022 in Rastriya Dainik National Daily Newspaper that the following mentioned Lowest evaluated substantially responsive bidders are intended to award the Contracts.

| Contract ID | Name of Project | Name of Successful Bidders | Bid Amount (Including VAT and PS) |
|---|---|---|---|
| IDOSYANGJA/G/NCB/02/078-79 | Procurement and Supplying of Different items for Punnarayan Dhankumari Shrestha Paropakar Trust | Sudishna Emporium | 2,900,145.00 |



**SAUDI मा रोजगारको अवसर** | कम्पनी : INTERNATIONAL RECRUITMENT COMPANY-IRC
शहरः SAUDI

पूर्व स्वीकृत मितिः २०७८/१२/२० | चलानी नं.: ६०१७७१९९ | LT. No.: 260952

| सि. नं. | कामदारको पद | माग संख्या: पुरुष | माग संख्या: महिला | न्यूनतम योग्यता | मासिक तलब: SR | मासिक तलब: ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Labor | 75 | 0 | स. काममा दक्ष | 1000 | ३२,२५० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ चैत २८ गते (11 April 2022) मा हुनेछ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिसा शुल्क कस्ले व्यहोर्ने | भिसा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला। बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला। आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ। ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला। ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ। ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला। ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ। ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला।

3 Brothers
श्रम ईजाजत पत्र नं. ७१३/०६४/०६५
**थ्रि ब्रदर्श ह्युमन रिसोर्स प्रा.लि.**
बतिसपुतली-९, काठमाडौं, फोन नं. ४५६५३९४, ४५६५४९४, मो. : ९८२३३२३५७७
E-mail: threebrothershrrec@gmail.com



**HOSPITALITY & HOTEL MANAGEMENT COURSES**

होटल तथा हस्पिटालिटी सम्बन्धी सम्पूर्ण तालिमहरु जस्तै बारिस्टा, कमर्शियल कुकिङ, हाउस किपिङ, वेटर तथा वेट्रेस, कस्टुमर सर्भिस, स्किल डेभलपमेन्टजस्ता तालिमहरु भिक्टोरिया इन्टरनेशनल होटल ट्रेनिङ एण्ड इस्टिच्युटले दिँदै आइरहेको छ। यदि तपाई पनि होटलसम्बन्धी राम्रो तालिम लिएर स्वदेश तथा विदेशमा स्वरोजगार बन्न चाहनुहुन्छ भने हामीलाई सम्झनुहोस्। यहाँ सस्तो मूल्यमा अन्तर्राष्ट्रिय स्तरको होटल सम्बन्धी तालिम दिई रोजगारको समेत ग्यारेन्टी दिइने भएको हुनाले ढिला नगर्नुहोस्।

Hotel Training Diploma 1750 Hrs Rs 160,000
F&B Service, Production, HK, Barista, FO, CSA
English Free
Jobs.

Short Courses
• Interview Tips • English Language • Service Staff Training
• Customer Service & Skill Development Training

GET TRAINED & DEVELOPE YOUR PERSONALITY

After Training 100% Job Guarantee !

तालिमपछि रोजगारको ग्यारेन्टी

VICTORIA INTERNATIONAL
VICTORIA INTERNATIONAL HOTEL TRAINING & INSTITUTE PVT. LTD.
www.facebook.com/hoteltrainingnepal Email: hoteltrainingnepal@gmail.com
Contact: 9801100127/ 9801100128 / 9801100129 / 9801100130

मध्यान्ह
www.madhyanhadaily.com
२१ चैत २०७८, सोमबार
4 April 2022, Monday

## सम्पादकीय

# हेक्का राख्नुपर्ने तथ्य

हरेक पटकको चुनाव जस्तै यसपटक पनि राजनीतिक दलहरू प्रतिबद्धतापत्र सहित मतदाताको आँगनमा पुग्दैछन् । प्रमुख राजनीतिक दलहरू मध्ये नेकपा एमाले र नेपाली कांग्रेसले केन्द्रबाटै मूल प्रतिबद्धतापत्र पठाउँदैछ । एमालेले वरिष्ठ उपाध्यक्ष ईश्वर पोखरेलको संयोजकत्वमा प्रतिबद्धतापत्र तयार पार्दैछ भने स्थानीय तहमा अलग्गै प्रतिबद्धतापत्र तयार हुनेछ । आगामी ९ वैशाखमा एमालेले ७५३ वटै स्थानीय तहबाट एकसाथ प्रतिबद्धतापत्र सार्वजनिक गर्ने तयारी गरेको छ । त्यसका लागि १६ चैतमा अध्यक्ष केपी शर्मा ओलीले भर्चुअल सम्बोधन गरी प्रतिबद्धतापत्रमा उल्लेख गरिने सैद्धान्तिक आधारबारे प्रष्ट्याएका छन् । अध्यक्ष ओलीले एमाले नेतृत्वको सरकारले संघ, प्रदेश र स्थानीय तहमा गरेको कामहरू उल्लेख गर्ने र गर्न बाँकी कामबारे प्रतिबद्धता जनाउनेगरी प्रतिबद्धतापत्र तयार पार्न निर्देशन दिएका छन् ।


कांग्रेसले पनि महामन्त्री गगन थापाको नेतृत्वमा प्रतिबद्धतापत्र लेखन समिति बनाएर संघबाटै मतदातासँग आह्वान गर्ने तयारी गरिरहेको छ । कांग्रेसले लोकतन्त्र बचाउन खेलेको भूमिका र कम्युनिष्ट पार्टीहरूले बिराएको बाटोलाई आफ्नो प्रमुख एजेण्डा बनाउँदैछ । अर्का सत्ता साझेदार दल नेकपा माओवादी केन्द्रले भने स्थानीय तहलाई नै बलियो प्रतिबद्धतापत्र निर्माण गर्न निर्देशन दिएको छ । संघबाट प्रतिबद्धतापत्र तयार पार्नु संघीयताको मर्म बिपरीत हुने निष्कर्ष सहित स्थानीय कमिटीलाई नै प्रतिबद्धता जनाउने अधिकार दिने भएको हो । तर संघबाट पनि सैद्धान्तिक र राजनीतिक मूल विषय समेटिएको संक्षिप्त प्रतिबद्धता जनाउने भएको छ । नेकपा एकीकृत समाजवादी, जनता समाजवादी पार्टी, लोकतान्त्रिक समाजवादी पार्टी लगायतले पनि प्रतिबद्धता पत्र पठाउँदैछ ।

यी सवै राजनीतिक दलको प्रतिबद्धतापत्रमा आफ्नो पार्टीले जितेमा मात्रै मुलुकको परिवर्तन हुने उल्लेख हुने लगभग पक्का छ । प्रतिबद्धतापत्र जुनसुकै दलको पढेपनि मुलुकको कायापलट हुने भाषा प्रयुक्त हुने अनुमान लगाउन गाह्रो पर्दैन । तर २०७४ को निर्वाचनमा झण्डै दुई तिहाइ मत ल्याएको नेपाल कम्युनिष्ट पार्टी (नेकपा) नेतृत्वको सरकार हेर्ने हो भने गरिएको प्रतिबद्धता कति सतही हुने रहेँछ भन्ने प्रष्ट हुन्छ । आफ्नो दलले जितेमा मुलुकको मुहार फेरिने प्रतिबद्धताको ठूलो अर्थ नहरने नेकपा सरकारबाटै प्रष्ट भएको छ । तसर्थ दलहरूले प्रतिबद्धतापत्र बनाइरहँदा मुलुकको समृद्धिको आधार नेपाली जनता हुन् भन्ने भुल्न हुन्न । धरातल छोडेर गरिएको प्रतिबद्धताले राजनीतिप्रति आमनागरिकमा बितृष्णा जगाउने गरिनु हुन्न । त्यसतर्फ दलहरू सचेत हुन जरूरी छ ।

# नेटो विस्तार : रूस–यूक्रेन द्वन्द्व

*कुनै देशले नेटोमा सामेल भएमा अर्बौं डलर खर्च गर्नुपर्ने हुन्छ । नेटोमा सामेल हुने देशहरूले आफ्नो रक्षा बजेट बढाउनु पर्छ । यसबाट अमेरिकी कम्पनीहरूले प्रत्यक्ष फाइदा उठाइरहेका छन् । विश्वभर हतियार किनबेच गर्ने संस्था सिप्रीका अनुसार हतियारको बजारमा अमेरिकी कम्पनीहरू अगाडि छन् ।*

**अग्रलेख**



● योगेन्द्र शाही

दोस्रो विश्वयुद्धपछि सोभियत संघसँग सम्झौता गर्न बनेको उत्तरी एट्लान्टिक सन्धि संगठन सन् १९४९ अप्रिलमा सन्धिमा हस्ताक्षर गरेर नेटोको स्थापना भएको थियो । यस सैन्य संगठनको स्थापनाको उद्देश्य यसका सदस्य राष्ट्रहरूको सामूहिक सुरक्षा हो । अर्थात् यदि कुनै नेटो सदस्य राष्ट्रमाथि विदेशी आक्रमणको वा धम्की आयो भने त्यसलाई सामूहिक रूपमा सुरक्षित गरिने उद्देश्यका साथ स्थापना भएको हो । अप्रिल ४, १९४९ मा उत्तरी एट्लान्टिक सन्धि (जसलाई वाशिंगटन सन्धि पनि भनिन्छ) द्वारा स्थापित सैन्य गठबन्धन यसका संस्थापक सदस्यहरू बेल्जियम, क्यानडा, डेनमार्क, फ्रान्स, आइसल्याण्ड, इटाली, लक्जमबर्ग, नेदरल्याण्ड, नर्वे, पोर्चुगल, युनाइटेड किंगडम र संयुक्त राज्य अमेरिका थिए ।

स्थापना कालदेखि वर्तमानको अवस्थासम्म आईपुग्दा नेटोले १२ संस्थापकसहित अल्बानिया, बुल्गेरिया, क्रोएसिया, चेक गणतन्त्र, इस्टोनिया, जर्मनी, ग्रीस, हंगेरी, लाटभिया, लिथुआनिया, मोन्टेनेग्रो, उत्तरी म्यासेडोनिया, पोल्याण्ड, रोमानिया, स्लोभाकिया, स्लोभेनिया, स्पेन, टर्की मिलाएर ३० देशहरूलाई नेटोमा सामेल गरिसकेको छ । सन् १९९० को दशकमा सोभियत संघको पतनपछि पश्चिमी देशहरूले रूसलाई यो सैन्य संगठन भत्काउने वाचा गरेका थिए तर, त्यसो भएन । अमेरिकाको अगुवाईमा नेटोले आफ्नो विस्तार रोक्नुको सट्टा विस्तार गर्नतिर लाग्यो र रूसी प्रभावमा रहेका देशहरूलाई पनि नाटोको सदस्य बनाइयो । नेटो आफ्नो शक्ति बढाउन र रूसलाई दबावमा राख्न निरन्तर प्रयास गरिरहेको छ ।



नेटोले विस्तार गर्ने क्रममा सन् १९९९ मा बुल्गेरिया, इस्टोनिया, लाटभिया, लिथुआनिया, रोमानिया, स्लोभाकिया र स्लोभेनियालाई सामेल गऱ्यो । त्यो समयमा पनि रूसले नाटो विस्तार नगर्न र मौखिक सम्झताको पालना गर्न भन्यो । २००४ मा अल्बानिया र क्रोएसिया, २००९ मा मोन्टेनेग्रो र २०१७ मा उत्तरी म्यासेडोनियालाई नाटोले सामेल गऱ्यो । २०२१ मा नाटोले बोस्निया, हर्जगोभिना, जर्जिया र युक्रेनलाई आफ्नो 'इच्छुक सदस्य' देशहरूको सूचीमा समावेश गरेको छ ।

सन् १९९७ मा रूसको प्रभाव क्षेत्र भएका देशहरूमा नेटोले सामेल गऱ्यो यसमा पोल्याण्ड, लिथुआनिया, लाटभिया, रोमानिया, इस्टोनिया आदि पर्छन् । नाटो त्यतिमा मात्र रोकिएन २०२१ मा युक्रेन र जार्जिया नेटोमा सामेल गर्ने घोषणा गऱ्यो । रूसको विरोधका बाबजुद पनि अमेरिकाले लगातार नाटो देशको संख्या बढाइरहेको छ, यसको पछाडि ठूलो कारण लुके विशेषज्ञहरू बताउँछन् ।

अमेरिकी अखबार न्युयोर्क टाइम्सको पुरानो रिपोर्ट अनुसार नेटोको विस्तारको मुख्य कारण अमेरिकाको विशाल रक्षा कम्पनीहरूसँग प्रत्यक्ष सम्बन्धित छ । लकहीड मार्टिन, रेथियन जस्ता कम्पनीहरूले अमेरिकी सरकारलाई नेटो विस्तार गर्न दबाब दिइरहेका छन् ताकि उनीहरूले ठूलो बजार सिर्जना गर्न सकुन् । विश्वको अर्बौं डलरको हतियार बजारमा अमेरिकाका यी ठूला कम्पनीहरूको प्रभुत्व छ । एक प्रतिवेदनका अनुसार यदि कुनै देश नाटोको सदस्य बन्यो भने उसले सैन्य संगठनको नियम पालना गर्नुपर्नेछ र पश्चिमी देशहरूबाट अरबौं डलरको हतियार र उपकरण लिनुपर्ने हुन्छ ।

> रूसले पश्चिमी देशहरूबाट युक्रेनलाई नेटोमा समावेश नगर्ने आश्वासन खोजिरहेको छ । अर्कोतर्फ, अमेरिकालगायत नेटो देशले कुनै पनि स्वतन्त्र देश आफ्नो सैन्य संगठनमा सामेल हुन स्वतन्त्र रहेको बताएका छन् । रूसबाट आणविक युद्धको धम्कीको बाबजुद पनि अमेरिका नेटोको विस्तारमा अडिग छ, जसको पछाडि अमेरिका र बेलायतका रक्षा कम्पनीहरूले मनग्य आम्दानी गर्ने मुख्य उद्देश्य लुकेको देखिन्छ ।

यसअन्तर्गत कुनै देशले अमेरिकी कम्पनीबाट लडाकु विमान लिएको खण्डमा फ्लाइट सिमुलेटर, पार्टपुर्जा, इलेक्ट्रो नक्सा र इन्जिन सुधार गर्ने उपकरण लिनुपर्नेछ । त्यसैगरी त्यो देशले यातायात विमान, युटिलिटी हेलिकप्टर, अट्याक हेलिकप्टर लिनुपर्छ । यस बाहेक आधुनिक सेनाका आवश्यक सैन्य सञ्चार उपकरण, कम्प्युटर, राडार, रेडियोलगायतका उपकरणहरू समावेश छन् । यी सबैको बिक्रीबाट पश्चिमी देशहरू विशेष गरी अमेरिका र बेलायतका रक्षा कम्पनीहरूले धेरै कमाउँछन् । अमेरिकाले हालै जर्मनी लगायत धेरै देशसँग एफ-३५ लडाकु विमान बेच्ने सम्झौता गरेको छ ।

हाल पोल्याण्डले अमेरिकासँग करिब ६ अर्ब डलरको ट्यांक सम्झौता स्वीकृत गरेको छ । यसबाहेक रोमानियालगायत अन्य धेरै देशले अमेरिकाबाट ठूलो मात्रामा हतियार खरिद गरेका छन् । पूर्व अमेरिकी राष्ट्रपति बिल क्लिन्टनले पनि 'नेटोको विस्तार हाम्रो राष्ट्रिय हितमा छ' भनेका थिए । प्रतिवेदनअनुसार कुनै देशले नेटोमा सामेल भएमा अर्बौं डलर खर्च गर्नुपर्ने हुन्छ । नेटोमा सामेल हुने देशहरूले आफ्नो रक्षा बजेट बढाउनु पर्छ । यसबाट अमेरिकी कम्पनीहरूले प्रत्यक्ष फाइदा उठाइरहेका छन् । विश्वभर हतियार किनबेच गर्ने संस्था सिप्रीका अनुसार हतियारको बजारमा अमेरिकी कम्पनीहरू अगाडि छन् । अमेरिका विश्वका शीर्ष १०० कम्पनीहरूको शीर्षमा छ । सन् २०२० मा ४१ अमेरिकी कम्पनीहरूले २८५ अर्ब डलरको बिक्री गरेका छन् । यो विश्वव्यापी रूपमा कुल हतियार बिक्रीको ५४ प्रतिशत हो । यी शीर्ष १०० कम्पनीहरूले सन् २०२० मा ५३१ अर्ब डलरको हतियार बेचेका छन् । हतियारको यो बिक्री बढ्दै गएको छ ।

नेटोको विस्तारलाई प्रवर्द्धन गर्न अमेरिकी रक्षा कम्पनीहरूले देशमा राष्ट्रपतीय निर्वाचनका लागि उम्मेदवार हरूलाई अर्बौं डलर 'चन्दा' दिन्छन् । अमेरिकामा राष्ट्रपतीय निर्वाचन विश्वकै महँगो मध्येको एक हो र यही कारणले गर्दा प्रत्येक राष्ट्रपतिलाई यी कम्पनीका 'चेरिटि'हरूको पक्षमा दबाव दिइन्छ । चुनाव जितेपछि यी कम्पनीहरूले आफ्नो व्यवसाय प्रवर्द्धन गर्न राष्ट्रपतिलाई जोड दिन्छन् । यही कारण थियो कि सन् १९९७ मा नेटोको विस्तारपछि पूर्वी युरोपका देशहरूले पनि सोभियत लडाकु विमान र हतियारको सट्टा अमेरिकी हतियारलाई महत्व दिन थालेका थिए ।


